nepalpostdaily.com

# नेपाल पोष्ट डेली

दैनिक

29°C । वर्ष : १०, अंक : ३६५ पृष्ठ ४ । आइतबार,०१ भदौ २०८२ । SUNDAY, AUGUST 17, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## नेपालमा १५ लाख बोरा रासायनिक मल भित्रिँदै

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,३१ साउन ।***



साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले भारतको कोलकत्ता बन्दरगाहमा पुगेको १५ लाख २३ हजार बोरा रासायनिक मल नेपाल भित्र्याउने कार्य तीव्र रूपमा भइरहेको जनाएको छ। कर्पोरेशनका अनुसार हालै आयात भएको मलमध्ये ४ लाख ४० हजार बोरा युरिया र १० लाख ८३ हजार बोरा डिएपी छन् । यस मललाई प्रदेश सरकारमार्फत स्थानीय पालिकाहरूलाई कोटा वितरण गर्न पत्राचार गरिसकिएको र पालिकाहरूले पनि वितरण प्रक्रिया सुरु गरिसकेको जानकारी प्राप्त भएको कर्पोरेशनले जनाएको छ । शुक्रबार जारी विज्ञप्तिमा कर्पोरेशनले दर्ता भएका सबै मल डिलरलाई आफ्नो पालिका तथा सम्बन्धित कार्यालयसँग समन्वय गरेर कोटाअनुसार मल बिक्री-वितरण गर्न आग्रह गरेको छ । तबजारमा मल अभाव भएको समाचार र सामाजिक सञ्जालमा भइरहेका दाबीहरूबारे पनि कर्पोरेशनले ध्यानाकर्षण भएको जनाएको छ र मल वितरण सुचारु रूपमा भइरहेको स्पष्ट पारेको छ।

## सिमरामा बेवारिसे व्यक्ति उद्धार

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,३१ साउन ।***



मानवसेवा आश्रम बीरगन्ज शाखाले शुक्रबार राति बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका-२ स्थित वन कार्यालय अगाडिबाट मानसिक अवस्था कमजोर रहेका एक पुरुषलाई उद्धार गरेको छ।

अन्दाजी ४० वर्ष उमेरका ती पुरुषले आफ्नो नाम ठेगाना प्रष्ट बताउन नसक्ने अवस्था रहेको आश्रमले जनाएको छ। राति करिब ९:३० बजे उद्धार गरिएका उनलाई आश्रम ल्याइएपछि सरसफाइ गराई डा. भरत गोइज्यूको निगरानीमा उपचार सुरु गरिने तयारी भएको हो । उद्धार कार्यमा आश्रमका संस्थापक अभियन्ता देवेश गुप्ता, सामाजिक अभियन्ता प्रकाश थारु, संयोजक मुना मगर, पर्साबाट खटिएका प्रहरी जवान नागेश्वर यादव, इलाका प्रहरी कार्यालय सिमराका प्रहरी सहायक हवल्दार अरविन्द कुमार दाससहित स्थानीयवासीहरूको समेत सक्रिय सहभागिता रहेको थियो।

## बीरगन्जमा गैरसरकारी संस्थाहरूको सहयोगमा डिजिटल भौचरबाट नि:शुल्क पानी वितरण

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,३१ साउन ।***



भूमिगत जलसतह सुकेर काकाकुल बनेको वीरगन्जमा स्थानीयलाई पानी वितरण गर्न 'डिजिटल वाटर भौचर' प्रयोगमा ल्याइएको छ । गैरसरकारी संस्थाहरूको सहयोगमा सञ्चालित 'सुक्खा र खडेरीबाट प्रभावित परियोजना' अन्तर्गत नमुनाको रूपमा हरेक परिवारका सदस्यलाई जनही ५ लिटरका दरले पानीको जार नि:शुल्क वितरण थालिएको हो । बुधबारदेखि वीरगन्ज-११ कब्रिस्तान टोलका १ सय २० घरधुरीले यो सुविधा पाइरहेका छन् । शनिबार बिहान ६५ वर्षीय स्थानीय आसमहम्मद अन्सारीले आफ्नो परिवारका ६ सदस्यका लागि ३० लिटर खानेपानी पाए । उनको घरको चापाकल सुकेको एक महिना भइसकेको थियो । दैनिक मजदुरी गरेर गुजारा गर्ने उनीसँग बजारबाट जारको पानी किन्ने क्षमता थिएन । दैनिक ३० लिटर जारको खानेपानी नि:शुल्क पाउन थालेपछि उनलाई हाइसन्चो भएको छ । 'अब कम्तीमा खानेपानीको चिन्ता हटेको छ,' उनले भने, 'यसअघि हाम्रा जनप्रतिनिधिले अन्य टोलमा खानेपानीको बोरिङ गाडे तर हाम्रो टोलमा गाडेनन्, अब कम्तीमा खानेपानीको चिन्ता दूर भएको छ ।'अर्का स्थानीय कमरुद्दिन अन्सारीले पनि चार दिनयता दैनिक एक जार पानी नि:शुल्क पाएका छन् । उनले किनेर पानी खानुपर्ने बाध्यता टरेको बताए । भूमिगत जलको स्रोत सुक्दा टोलमा पानीको अन्य विकल्प थिएन । पानीको छेलोखेलो गरेर हुर्केको उनको टोलका १ सय २० बढी घरधुरी काकाकुल थिए ।बुधबारदेखि पियोर ड्रिकिङ वाटर कम्पनीले टोलवासीलाई दैनिक नि:शुल्क पानी उपलब्ध गराउन थालेको हो । कम्पनीका प्रबन्धक प्रबिन कुशवाहाले पानी लिन आउने स्थानीयले ल्याउने डिजिटल वाटर भौचरलाई मेसिनमा स्क्यान गर्छन् । त्यसपछि स्थानीयले नि:शुल्क पानी पाउँछन् । परिवार सदस्य संख्याको आधारमा स्थानीयले दैनिक जनही ५ लिटर नि:शुल्क पानी पाउँछन् । खाली जार फिर्ता ल्याएर भोलिपल्ट फेरि भरिएको जारमा पानी लग्न पाउँछन् । डिजिटल भौचरको भरमा यसरी पानी वितरणको प्रयोग सहरी गरिब रहेको वीरगन्ज महानगरको एउटा बस्तीमा लोकप्रिय भइरहेको छ । युके एड, रेन परियोजना, स्टार्ट फन्ड नेपाल, केयर संस्थाको लगानीमा भोलिन्टियर्स कर्प्स नेपाल संस्थाले वीरगन्जको एउटा वडाका बासिन्दालाई नि:शुल्क पानी वितरण गर्ने 'सुक्खा र खडेरीबाट प्रभावित परियोजना' सन्चालन

बाँकी तेश्रो पृष्ठमा⇨

## श्रीकृष्ण जन्माष्टमीको पावन अवसरमा भव्य चैतन्य झाँकी तथा प्रवचन कार्यक्रम सम्पन्न

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,३१ साउन ।***



श्रीकृष्ण जन्माष्टमीको पावन अवसरमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्रद्वारा ओम शान्ति भवन, छपकैयामा भव्य सत्युगी दुनियाको चैतन्य झाँकी तथा प्रवचन कार्यक्रम हर्षोल्लासपूर्वक सम्पन्न भएको छ । कार्यक्रमको अध्यक्षता बालब्रह्मचारिणी तपस्विनी रबिना दिदी ले गर्नुभएको थियो । कार्यक्रममा विभिन्न क्षेत्रका सम्माननीय व्यक्तिहरूको उपस्थिति उल्लेखनीय रह्यो । प्रमुख अतिथिमा पर्सा जिल्ला अदालतका श्रेस्तेदार प्रभाकर मल्लिक, विशिष्ट अतिथिमा उद्योग वाणिज्य संघ बिरगंजका अध्यक्ष हरि गौतम, सामुदायिक प्रहरी छपकैयाका अध्यक्ष ग्यासुदिन ठकुराई, रुङ्टा वेलफेयर सोसाइटी बिरगंजका अध्यक्ष सुरेश रुङ्टा, नेपाल रेडक्रस सोसाइटी बिरगंज शाखाकी उपाध्यक्ष श्रीमती मधु राणा, माउन्ट आबुबाट पधारनु भएका अशोक भाईजी, साथै सञ्चारकर्मी र सामाजिक व्यक्तिहरूको विशेष उपस्थिति रहेको थियो। कार्यक्रममा बालबालिकाले कृष्ण र राधा बनेर आकर्षक झाँकी प्रस्तुत गरे। विभिन्न विद्यालयका विद्यार्थीहरूले नृत्य र सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्दै वातावरणलाई उल्लासमय बनाएका थिए । ब्रह्माकुमारी सेवा केन्द्रका बेलि दिदी, गोबर्धन भाईजी र गोकुल भाईजी को विशेष सहयोग रहेको यस कार्यक्रममा, गोकुल भाईजी ले आफ्नो प्रवचनमा कृष्ण भगवानका आदर्श जीवनचर्या र उपदेशहरूबारे प्रकाश पार्दै भने, "आज हामी सबैले श्रीकृष्णजस्तो सत्यनिष्ठ, कर्मयोगी र आदर्श जीवन जिउनु आवश्यक छ।" कार्यक्रमले धार्मिक श्रद्धा, भक्ति र सांस्कृतिक रंगमञ्चमा श्रीकृष्ण जन्माष्टमीलाई प्रस्तुत गर्दै उपस्थित भक्तजन र अतिथिहरूबाट अत्यन्त प्रेरणादायी र समाजमा सकारात्मक ऊर्जा भर्ने कार्यक्रमका रूपमा मूल्याङ्कन प्राप्त गरेको छ।

## २०८४ को निर्वाचनमा १९० सिट जित्ने रास्वपाको दाबी

***बीरगन्ज,३१ साउन ।***

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद शिशिर खनालले २०८४ सालको निर्वाचनमा रास्वपाले १९० सिट जित्ने दाबी गरेका छन् । शनिबार काठमाडौंको जडीबुटीमा मेलुङ-सैलुङ सम्पर्क विभागले आयोजना गरेको वृहत् भेलामा बोल्दै सांसद खनालले रास्वपाका हालका १९ जना सांसदले नै संसदमा प्रश्न खडा गरिरहेको भन्दै १९० जना सांसद पुगेपछि कांग्रेस र एमालेले झनै दबाब महसुस गर्ने बताएका हुन् । उनले कांग्रेस र एमालेका सांसदहरूले संसदमा रास्वपामाथि मात्र आक्रमण गर्ने गरेको आरोप लगाए । रास्वपा प्रमुख प्रतिपक्ष दल नभए पनि प्रमुख प्रतिपक्ष दललाई झैँ आक्रमण भइरहेको उनले बताए । सांसद खनालले भने- 'किन कांग्रेस र एमाले संसद्मा हामीलाई मात्रै गाली गर्दछन्, प्रधानमन्त्री,मन्त्री, सांसदहरू अहिले संसदमा हेर्नुभयो भने आज राष्ट्रिय स्वतन्त्र पार्टीले मात्रै गाली खान्छ, यस्तो देखिँदैछ ।आज राष्ट्रिय स्वतन्त्र पार्टी आज देशको प्रमुख प्रतिपक्ष दल नै हो जस्तो भान हुन्छ । तर सङ्ख्याको हिसाबले त होइन । सङ्ख्याको हिसाबले हामी जम्मा २१ जना

बाँकी तेश्रो पृष्ठमा⇨

## मेलाको उद्घाटनलाई लिएर झडप

***बीरगन्ज,३१ साउन ।***

रौतहटको देवाही गोनाही नगरपालिका-९ धरहरीमा आयोजित श्रीकृष्ण जन्माष्टमी मेलामा उद्घाटन गर्ने विषयलाई लिएर दुई पक्षबिच झडप हुँदा मेयरसहित तीनजना घाइते भएका छन् । श्रीराम जानकी ब्रह्माबाबा मठमा आयोजना गरिएको मेलामा मेयर प्रेमलाल साह र स्थानीय रामविनोद साह पक्षबिच विवाद उत्पन्न भएपछि झडप भएको हो । मेयर साह उद्घाटन गर्न मठ परिसर पुगेपछि रामविनोद साह पक्षले विरोध गर्दै उद्घाटन हुन नदिने अडान लिँदा दुवै

बाँकी तेश्रो पृष्ठमा⇨

## बीरगन्ज समाज सेवा द्वारा ६५ औं साप्ताहिक निशुल्क भोजन कार्यक्रम सम्पन्न

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,३१ साउन ।***



बीरगन्ज समाज सेवाले आफ्नो नियमित सामाजिक उत्तरदायित्व अन्तर्गत बीरगन्जको नारायणी अस्पताल परिसरमा ६५ औं साप्ताहिक निशुल्क भोजन कार्यक्रम भव्यताका साथ सम्पन्न गरेको छ। डेढ वर्षदेखि हरेक शनिबार बिहान ९:३० बजे संचालन हुँदै आएको यो सेवा कार्यक्रममा बिपन्न बिरामी, कुरुवा, असहाय नागरिक, रिक्सा-ई-रिक्सा चालक तथा यात्रुहरूले घरकै स्वाद र गुणस्तरयुक्त पोषिलो भोजन सेवन गर्दै आएका छन् । कार्यक्रमका प्रमुख संयोजक तथा बीरगन्ज समाज सेवाका अध्यक्ष अशोक गुप्ताले "सेवा नै धर्म हो" भन्ने मुलमन्त्रमा आधारित रही यो अभियान सञ्चालन गर्दै आएको बताए । उनका अनुसार साप्ताहिक रूपमा करिब ४५० देखि ५०० जना लाभान्वित हुँदै आएका छन् । उनले थपे, "भोकै रहेका असहायहरूको पेट भरिदिँदा र तिनीहरूको अनुहारमा देखिने सन्तुष्टि देख्दा हामीलाई पनि अपार सन्तोष मिल्दछ ।" यसै अवसरमा संस्थाका सचिव तथा युवा समाजसेवी प्रकाश बाहेतीले मानवता नै सबैभन्दा ठूलो धर्म भएको उल्लेख गर्दै भने, "दिनदु:खीको सेवा गर्नु नै हाम्रो धर्म र कर्तव्य हो । यस्तै सेवाले समाजलाई अझ बलियो र संवेदनशील बनाउँछ ।" उनले इच्छुक व्यक्तिहरूलाई पनि सहयोग गर्न आह्वान गरे। आजको भोजनमा शुद्ध शाकाहारी परिकार - भात, दाल, आलु-परवलको तरकारी र हरियो खुर्सानीको अचार समावेश गरिएको थियो। वृद्ध, महिला र बालबालिकालाई बोलाएर, आग्रहपूर्वक सेवा गरिँदै

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सहसम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## सर्वोच्चको दूरगामी व्याख्या

पुष्पकमल दाहाल नेतृत्वको सरकार ढलेपछि संसद्को ठूलो दलको नेता प्रधानमन्त्री हुने कि फेरि संयुक्त सरकारै बन्ने भन्ने अन्योल थियो । राष्ट्रपतिले भने संविधानको धारा ७६ को २ बमोजिमकै संयुक्त सरकारको आह्वान गरेपछि नेकपा एमाले र नेपाली कांग्रेसका सांसदको बहुमतका आधारमा केपी शर्मा ओली प्रधानमन्त्री भएका थिए । बहुमतको सरकार बन्ने सम्भावना रहेसम्म त्यो प्रक्रियालाई अवलम्बन गर्नुपर्ने गरी सर्वोच्च अदालतले पनि संविधानको दीर्घकालीन व्याख्या गरिदिएको छ । यसबाट संविधानको प्रयोग र सरकार गठनको अन्योल वा विवाद सधैंका लागि अन्त्य भएको छ । एकपटक प्रयोग गरिसकेको धारा र उपधाराअनुसार फेरि पनि सरकार गठन हुन सक्छ भन्ने सर्वोच्चले व्याख्या गरेको छ । यसअघि संविधानको धारा ७६(२) पुनः प्रयोग गर्न मिल्ने नमिल्ने विवादकै कारण सर्वोच्चमा मुद्दा परेको थियो । राजनीतिक अस्थिरता र संविधानको धारा ७६ को कार्यान्वयनमा देखिँदै आएको अन्योललाई सर्वोच्चको संवैधानिक इजलासले चिरेको छ । त्यससम्बन्धी मुद्दाको फैसलाको पूर्णपाठ हालैमात्र सार्वजनिक भएको छ । जसले दूरगामी महत्त्व राख्छ । धारा ७६ का उपधाराहरूको प्रयोगलाई लिएर राजनीतिक दलहरू र कानुनविद्हरूबीच तीव्र मतभेद रहँदै आएको थियो । संविधानको धारा ७६(२) बमोजिम गठित बहुमतको सरकारले विश्वासको मत गुमाएपछि पुनः सोही उपधाराअन्तर्गत नयाँ सरकार गठनको प्रक्रिया सुरु गर्न मिल्ने भनी गरिएको व्याख्या केवल एउटा मुद्दाको फैसलामात्र होइन, यो नेपालको प्रतिस्पर्धात्मक संसदीय शासन प्रणालीलाई थप परिपक्व र व्यावहारिक बनाउने एक बलियो आधारस्तम्भ हो । धारा ७६(२) बमोजिमको गठबन्धन सरकार ढलेपछि प्रक्रिया स्वतः धारा ७६(३) अनुसार सबैभन्दा ठूलो दलको अल्पमतको सरकार गठन हुने तर्क एकथरी राजनीतिकर्मी र कानुन व्यवसायीको थियो । अर्काथरीको तर्क भने उपधारा २ बमोजिम नै फेरि संयुक्त सरकार बन्न सक्ने भन्ने थियो । सर्वोच्च अदालतले यिनै दुई मतको अन्त्य गरेको छ । संसदीय प्रणालीको मूल मर्म नै संसद्मा बहुमत कायम गर्नु र सोही बहुमतप्रति उत्तरदायी सरकार सञ्चालन गर्नु हो भन्ने सर्वोच्चको व्याख्या छ । जबसम्म प्रतिनिधिसभाभित्र दुई वा दुईभन्दा बढी दलहरू मिलेर बहुमत जुटाउने सम्भावना रहन्छ, तबसम्म अल्पमतको सरकार गठनको विकल्पमा जानु संविधानको भावनाविपरीत हुन्छ भन्ने अब प्रस्ट भएको छ । संसदीय सर्वोच्चताको सिद्धान्तलाई बलियो बनाउने गरी सर्वोच्चको व्याख्या आएको छ । सरकार गठन र विघटनको अन्तिम निर्णयकर्ता राजनीतिक अंकगणित हो, जुन प्रतिनिधिसभामा निहित हुन्छ भन्ने पनि प्रस्ट भएको छ । कुनै एक गठबन्धन असफल हुनुको अर्थ बहुमतको सरकार बन्ने सम्भावना समाप्त हुनु होइन भन्ने मर्म संविधानको हो भनेर सर्वोच्चले प्रस्ट भनिदिएको छ । र यसले केपी शर्मा ओली नेतृत्व सरकार गठन गर्दा एमाले र कांग्रेसले प्रयोग गरेको संवैधानिक आधारलाई मात्रै वैधता दिएन कि आगामी दिनका लागि समेत मार्गप्रशस्त गऱ्यो ।

भोलि फेरि ओलीपछि बन्ने सरकार पनि उही धाराअनुसारै बन्न सक्नेसमेत प्रस्ट भएको छ । जबकि थुप्रै मानिसहरूको तर्क भोलि ओलीले छोडेपछि उपधारा ३ अनुसार संसद्को ठूलो दलको नेताको नेतृत्वमा सरकार बन्छ भन्ने थियो । नयाँ समीकरण र नयाँ गठबन्धनमार्फत अर्को बहुमतको सरकार बन्न सक्छ भने त्यसलाई प्राथमिकता दिनु नै लोकतान्त्रिक अभ्यास हो भन्ने अब प्रस्टमात्रै भएन कि त्यही नै संविधानको मर्म र मान्यता हो भनेर व्याख्याता अदालतले भनेको छ । धारा ७६(२) को प्रयोग एकपटक मात्र गर्न मिल्ने गरी संकुचित व्याख्या गरिएको भए, सामान्य समर्थन फिर्ताले पनि देशलाई अल्पमतको कमजोर सरकार र अन्ततः संसद् विघटनको जोखिमतिर धकेल्ने थियो । सर्वोच्चको यो व्याख्याले राजनीतिक स्थायित्वलाई अप्रत्यक्ष रूपमा बल दिएको छ । ७६(२) को ढोका खुला राख्दा दलहरूलाई नयाँ सहकार्यमार्फत पूर्ण कार्यकालकै लागि स्थिर सरकार दिने अवसर प्राप्त हुने भएको छ ।

# समृद्ध नेपालमा "रिटर्नी रोल"

**डा. कृष्णबहादुर केसी**



नेपालको सन्दर्भमा वैदेशिक रोजगारीको इतिहास १६० वर्ष जति पुरानो छ । सन् १८६२ मा बिर्ता प्रथामा आएको हलचलले नेपाली उत्तरपूर्वी भारतमा कृषि मजदुरको रूपमा जान थाले । भारतमा नेपाली सैनिक र गैरसैनिक लाहुरे श्रमको व्यवस्था पनि पुरानै छ । परम्परागत रूपमा नेपाली श्रमिकहरूको मुख्य वैदेशिक गन्तव्य भारत भए पनि सन् १९८० को मध्यबाट रोजगारका लागि खाडी मुलक र मलेसियातर्फ जाने चलन चल्यो । विश्व बैंकको तथ्यांकअनुसार सन् २०१८ मा कुल गार्हस्थ्य उत्पादनमा रेमिट्यान्सको सबैभन्दा बढी हिस्सा हुनेमा नेपाल विश्वमा पाँचौं नम्बरमा पुग्यो भने दक्षिण एसियामा पहिलो । जुन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रतिवेदन २०७८ मा छ । सरकारले वैदेशिक रोजगारीका लागि १ सय ११ देशलाई स्वीकृत दिएको छ । व्यक्तिगत रूपमा गएका मुलुकहरूलाई समेत हेर्दा १ सय ७२ देशमा नेपाली पुगेको देखिन्छ । रोजगारीका लागि लाखौं नेपाली बिदेसिनुपर्ने बाध्यताबाट आर्जित विप्रेषणले मुलुकको कुल गार्हस्थ्य उत्पादनमा करिब ३० प्रतिशतको योगदान रहेको अर्थविद्हरूको दाबी छ । यस आवको पछिल्लो १० महिनामा १३ खर्ब ५६ अर्ब ६१ करोड रकम विप्रेषणको रूपमा नेपाल भित्रिएको छ । राष्ट्रिय अर्थतन्त्रमा विप्रेषणको यति ठूलो योगदान हुँदाहुँदै पनि वैदेशिक रोजगारीबाट फर्किएका नेपालीले विदेशमा रहँदा आर्जन गरेको सीप, दक्षता, ज्ञानजस्ता खुबीलाई राज्यले प्रयोगमा ल्याउन सकिरहेको छैन । रिटर्नीहरू उद्यमशीलतामा लाग्ने वातावरण भयो भने रोजगारीको सिर्जना हुन्छ, मजबुत अर्थतन्त्र निर्माणमा सहयोग पुग्छ । विप्रेषणरूपी ठूलो धनराशि देशमा भित्रियो भन्दैमा खुसी हुनुपर्ने अवस्था पनि छैन । किनभने जीवनको सबैभन्दा बढी ऊर्जाशील उमेरका युवा अहिले खाडीलगायत विश्वका विभिन्न मुलुकमा पसिना बगाउन बाध्य छन् भने गाउँबस्तीहरू उजाड बन्दैछन् अनि खेतीयोग्य जमिनहरू बाँझो बन्दैछन् । अबको बाटो वैदेशिक रोजगारीमा गएका जनशक्तिलाई स्वदेशमै रोजगारी दिलाउन तिनले सिकेको ज्ञान, सीप, दक्षतालाई प्रयोगमा ल्याउने हो । रिटर्नीहरूको ज्ञान, सीप, पुँजी : बिप्रेषणबाट मुलुकको अर्थतन्त्र चलायमान भएको छ । जुनसुकै कारणले विदेश जान बाध्य भए पनि स्वदेश फर्किएका नेपालीको ज्ञान, सीप, पुँजी र अनुभवलाई उपयोग गरी समृद्ध नेपाल निर्माण गर्न राज्यले ठोस योजना बनाउन जरुरी छ । हाल नेपालबाट दैनिक २५ सय जना विदेश जाने गरेको र दैनिक १२ सय जना स्वदेश फर्किने गरेको तथ्यांकले बताउँछ । संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रूपमा स्वीकारेको छ । राष्ट्रिय रोजगार नीति २०७१ र वैदेशिक रोजगार नीति २०६८ को व्यवस्थाले रोजगारको सुनिश्चितताको प्रतिबद्धता व्यक्त गर्दै वैदेशिक रोजगारको अन्त्य र स्वदेशमै उत्पादकत्व वृद्धि गर्न विभिन्न रणनीति अवलम्बन गरे पनि प्रभावकारी रूपमा कार्यान्वयनमा आएका छैनन् । स्वदेशमै आफ्नो दक्ष तथा योग्यताअनुसार काम नपाएर वैदेशिक रोजगारमा जाने नेपालीको भिड एयरपोर्टमा देखिरहेकै छौं । जुन संख्यामा नेपाली बिदेसिने गरेका छन्, त्यसै अनुपातमा स्वदेश फर्किनेको संख्या पनि ठूलो छ । यसरी विदेशबाट फर्किनेको संख्या (रिटर्नीहरू) करिब ४३ लाख छन् । यति ठूलो संख्यामा रहेका रिटर्नीहरूलाई स्वरोजगार र उद्यमशील बनाउन राज्यले ठोस योजना बनाएको देखिँदैन । विदेशबाट फर्केका अधिकांशले रोजगारी पाउँदैनन् । आफैं लगानी गरेर स्वरोजगार बन्न चाहे पनि उपयुक्त वातावरण नबन्दा पुनः वैदेशिक रोजगारीमा जानेको संख्या बढ्दै छ । स्वदेश तथा विदेशमा रहेका नेपालीको सबैभन्दा ठूलो चासो र चिन्ता देशमा रोजगारको अवसर राम्रो भएन भन्ने देखिन्छ । राज्यले जनताका यी गुनासा कसरी व्यावहारिक रूपमा हल गर्ला ? के गर्दा नागरिकलाई देशमै रोक्न सक्ला ? विदेश गएका नागरिकलाई आकर्षण गरी स्वदेश फर्काउन के कस्ता नीति र योजनाहरू तर्जुमा गर्ला ? बढ्दै गएको बेरोजगारीलाई कसरी समाधान गर्न सक्ला? राज्य गम्भीर हुन जरुरी छ । राज्यले कृषि, पर्यटन, सूचना-प्रविधि, फलफूल, ताजा तरकारी, नगदेबाली तथा पशुपालनजस्ता उद्यम, व्यवसायमा रिटर्नीहरूलाई विशेष सहुलियतपुर्ण ऋण तथा प्राविधिक सहयोगको व्यवस्था गर्न जरुरी छ । रिटर्नीहरू उद्यमशलतामा लाग्ने वातावरण भयो भने रोजगारीको सिर्जना हुनुका साथै मजबुत अर्थतन्त्र निर्माणमा सहयोग पुग्नेछ । बिनाधितो कर्जा : वैदेशिक रोजगारबाट फर्किएका करिब ४३ लाखले विदेशमा आर्जन गरेको ज्ञान, सीपलाई सदुपयोग गर्न राज्यले ठोस नीति लिनै पर्छ । भारत र चीनजस्ता विशाल उदीयमान शक्ति राष्ट्रहरूले नागरिकलाई स्वदेश फिर्ता गर्न नीतिहरू अवलम्बन गरेको पाइन्छ । नेपालमा पनि युवा जनशक्तिलाई विदेश पलायन गर्न प्रोत्साहित गर्न नयाँ मौद्रिक नीतिमा वैदेशिक रोजगारीमा जानेलाई बिनाधितो कर्जा दिने सरकारको नीति छ । तर देशमा रोजगारीको व्यवस्था गर्नुको सट्टा निर्वाचनको समयमा ठूला नेताहरू नै फ्रि टिकट, फ्रि भिसाको उपलब्ध गराउने आश्वासन बाँड्छन् । यसले के सरकार र राजनीतिक दलहरूको लगानीको क्षेत्र र प्राथमिकता बोल्दैन ? नेपालमा १५ देखि ६४ वर्ष उमेरसमूहको जनसंख्या झन्डै ६४ प्रतिशत छ । उमेरका हिसाबले देशका लागि 'स्वर्णिम युग' हो ।

बाँकी तेश्रो पृष्ठमा⇨

# विकराल बन्दै विद्यार्थी पलायन

**बाबुकार्जी कार्की**

देशमा अध्ययनका लागि विद्यार्थी पलायनको गति विकराल बन्दैछ । वार्षिक रूपमा एक लाखको संख्यामा विद्यार्थी विदेश जाने गरेको तथ्यांकहरूले पुष्टि गरेका छन् । यसरी विद्यार्थी अध्ययनका लागि विदेश जाँदा अर्बौं रुपैयाँ बाहिरिने गरेको छ । अर्कोतर्फ स्वदेशमा भएका शिक्षण संस्था विद्यार्थीविहीन हुँदैछन् । शिक्षण संस्थामा लगानी गर्ने व्यक्तिहरूको लगानी उच्च जोखिममा परेको छ । सरकारी लगानीमा चलेका शिक्षण संस्थाहरूको अवस्था त झन् टिठलाग्दो छ । उच्चस्तरमा विद्यार्थी विदेश पलायन हुनु सरकार र सरोकार पक्षको चिन्ता र चिन्तनको विषय बन्नुपर्छ । विद्यार्थी अध्यनका लागि विदेश जान किन लालायित भएका हुन् ? कक्षा १२ उत्तीर्ण हुनेबित्तिकै विदेश जानुपर्ने बाध्यता हो कि रहर ? हाम्रा शिक्षण संस्थाहरूप्रति वितृष्णा बढ्नुका कारण के होलान् ? विद्यार्थी विदेश अध्ययन गर्न जाँदा राज्यलाई तत्काल र दीर्घकालमा के के फाइदा र हानि हुन सक्ला ? वस्तुनिष्ठ लेखाजेखा गर्नुपर्छ । वैदेशिक अध्ययनमा बाहिरिएका विद्यार्थी र तिनले लाने गरेको रकमको तुलनात्मक अवस्था चिन्तनीय देखिन्छ । सरकारी लगानीमा चलेका शिक्षण संस्थाको अवस्था त झन् टिठलाग्दो छ । उच्चस्तरमा विद्यार्थी विदेश पलायन हुनु सरकार र सरोकार पक्षको चिन्ता र चिन्तनको विषय बन्नुपर्छ । बाहिरिएका विद्यार्थी र रकम : शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको तथ्यांक हेर्ने हो भने आव २०७२/७३ मा ३७ हजार १ सय ४८ विद्यार्थीले २० अर्ब १३ करोड रकम बाहिर पुऱ्याएका थिए भने आव २०८०/८१ मा १ लाख १२ हजार ९ सय ६८ विद्यार्थीले १ खर्ब २५ अर्ब रकम बाहिर पुऱ्याएका थिए । वैदेशिक अध्ययनमा जान मन्त्रालयबाट नो अब्जेक्सन सर्टिफिकेट लिनुपर्ने हुन्छ । यसरी प्रमाणपत्र लिने भिसा अस्वीकृतलगायत कारणले सबै विदेश जाँदैनन् । पछिल्ला तथ्यांकअनुसार अध्ययनका लागि जाने देशहरूको प्राथमिकतामा अस्ट्रेलिया, जापान, बेलायत, क्यानडा, अमेरिका, कोरिया, भारत क्रमशः प्रमुख देखिन्छन् । विदेश अध्ययनमा जाँदा अर्बौं रुपैयाँ पनि बिदेसिन गएको छ । तथापि वैदेशिक अध्ययनमा जाँदा देखिएको खर्चलाई मात्रै हेरर नकारात्मक धारणा बनाउनु न्यायोचित हुँदैन । एक सबल र सफल नागरिक बनाउन शिक्षामा गरिएको लगानीको प्रतिफल व्यक्ति र राज्यले दीर्घकालसम्म पाउने हुन्छ । वैदेशिक अध्ययनमा आकर्षण बढ्नुका कारण : वैदेशिक अध्ययनमा आकर्षण बढ्नुका विविध कारण हुन सक्छन् । अहिलेको विश्व भूमण्डलीकरणको प्रतिस्पर्धी युगमा नयाँ ठाउँहरूमा गएर गुणस्तरीय शिक्षा हासिल गर्ने अपेक्षा हुनु स्वाभाविकै हो । नयाँ ठाउँ हेर्ने नयाँ कुरा सिक्ने जिज्ञाशा र अवसरको खोजी गर्नुलाई अन्यथा मान्न सकिन्न । प्रतिस्पर्धी युगमा समयानुकूल शिक्षा हासिल गर्ने अवसर प्रदान गर्नु अभिभावक र सरकारको दायित्व पनि हो । वैदेशिक अध्ययनमा जाने अधिकांश विद्यार्थीले सुरुको जाने बेलामा खर्च गरे पनि पछि पढ्दै कमाउँदै गर्ने अवसर पाउँछन् । अझ कतिपय विद्यार्थीले नेपालमा परिवारलाई खर्चसमेत पठाउँछन् । त्यसकारण ऋणधन गरेर भए पनि विदेश जाने गरेको कैयौं उदाहरण छन् । अर्कोतर्फ एकपटक विदेश गइसकेका विद्यार्थी त्यहाँको रहनसहन सुविधा तथा वातावरणीय अनुकूलताका कारण सकभर नफर्किने प्रयासमा हुन्छन् । यसका कारण अन्य पनि छन् । कसरी पर्छ असर ? : माथिल्ला तहको विद्यार्थीको तुलनामा कक्षा १२ उत्तीर्ण भएपश्चात् बिदेसिनेको संख्या उच्च छ । विद्यालय तहका कक्षाहरूमा अध्ययनका क्रम नै उनीहरूको लक्ष्य उच्च शिक्षाको लागी विदेश जाने मनोविज्ञान बनाइसकेका हुन्छन् । देशभित्रका कलेजहरू विद्यार्थीविहीन हुने क्रम बढ्दो छ । निजी क्षेत्रमा खुलेका शिक्षण संस्थाहरूको लगानी डुब्ने अवस्थामा पुगेको सञ्चालकहरूको गुनासो र चिन्ता छ । इन्जिनियरिङ अध्ययन संस्थालगायतका लागि छुट्टयाइएको छात्रवृत्ति कोटासमेत पर्याप्त आवेदन नपरेका कारण खेर जाने गरेको छ । कीर्तिपुरलगायतका कतिपय क्याम्पसमा सञ्चालित विषयगत संकायहरूमा विद्यार्थी संख्या न्यूनमात्रै नभएर शून्य नै भएका छन् । अर्थात् विद्यार्थीको घट्दो आकर्षणका कारण शिक्षण संस्था र त्यहाँ कार्यरत जनशक्तिको भविष्य नै अनिश्चित बन्दै गएको छ ।

अध्ययनका लागि बिदेसिएका युवा जनशक्ति यथाशक्य विदेशमा नै बस्ने प्रयास गरेका हुन्छन् । ज्यादै न्यून संख्यामा मात्र स्वदेश फर्किने गरेको पाइन्छ । विदेशमा अध्ययन गर्न जाने फेसनको रूपमै विकास भएको जगजाहेर छ । यस्तो विषम परिस्थितिका कारण देशमा युवा जनशक्तिको ह्रास आउने क्रम बढ्दो छ । रोजगारीका लागि र अध्ययनका लागि युवा जनशक्ति बिदेसिने प्रवृत्तिले निरन्तरता पाइराखेमा देश वृद्धाश्रममा परिवर्तन नहोला भन्न सकिन्न । देश विकासका लागि आवश्यक दक्ष युवा जनशक्तिको अभावमा कति समयसम्म रेमिट्यान्सको आधारमा रमाउने हो ? यकिन छैन । आफ्नो देश विकास नगरेर रेमिट्यान्सलाई प्रमुख आयस्रोत मान्नु सुन्निएर मोटाउनु जस्तै हो । निष्कर्ष : विद्यार्थीको वैदेशिक अध्ययनको मोहलाई परिवर्तन गरेर क्रमशः स्वदेशतर्फ आकर्षण गर्ने काम कठिन भए पनि असम्भव चाहिँ छैन । यसका लागि विभिन्न माध्यम र उपाय हुन सक्छन् । शिक्षण संस्थाहरूको व्यवस्थापनलाई गुणस्तरीय र समसामयिक हुनुपर्छ भने शिक्षा नीति भविष्यदर्शी बनाउनु, पाठ्यक्रम र शिक्षण विधि समयको मागअनुसार व्यावहारिक र रोजगारमुखी बनाउनु

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## ट्रम्प-पुटिन वार्ता : युद्धविराम घोषणा बिना नै टुङ्गियो

***काठमाडौं,३१ साउन ।***

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबिच अलास्कामा सम्पन्न वार्ता युद्धविराम घोषणाबिना नै टुंगिएको छ । संयुक्त पत्रकार सम्मेलनपछि ट्रम्प एयर फोर्स वनमार्फत वासिङ्टन डिसी फर्किएका छन् भने पुटिन पनि मस्को तर्फ लागेका छन् । वार्तापछि पुटिनले युक्रेन युद्धलाई 'दुःखद घटना' भन्दै यसलाई अन्त्य गर्न आफू 'गहिरो चासो राख्ने' बताइए पनि, उनले युद्धका 'मूल कारणहरू' समाप्त गर्न आवश्यक रहेको दोहोऱ्याए । उनले युक्रेन र युरोपलाई वार्तामा 'बाधा नपुर्‍याउन' चेतावनी दिए । पुटिनले यस भेटलाई 'समाधानको सुरुवाती बिन्दु' भन्दै, ट्रम्पसँगको सम्बन्धलाई 'व्यावसायिक' बताएका छन् । उनले ट्रम्पको 'यदि २०२० को चुनावपछि उनी राष्ट्रपति रहन्थे भने युद्ध सुरु नै हुने थिएन' भन्ने दाबीसँग सहमति जनाएका छन् । ट्रम्पले भने वार्तामा




'धेरै बुँदामा सहमति' भए पनि 'केही महत्त्वपूर्ण बुँदा' अझै बाँकी रहेको बताएका छन् ।


उनले 'सबैभन्दा महत्त्वपूर्ण' एउटा विषयमा सहमति हुन नसकेको जनाए, पनि त्यसलाई खुलाएनन् । ट्रम्पले वासिङ्टनबाट अलास्का जाने क्रममा पत्रकारहरूलाई युद्धविराम घोषणा गर्ने चाहना प्रस्ट पारेका थिए । तर, घोषणा नगरी मञ्च छोड्दा उनी सन्तुष्ट देखिएनन् । ट्रम्प र पुटिन करिब १० मिनेटसम्म मञ्चमा सँगै उभिएर सम्बोधन गरेका थिए ।

दुवैले वार्तामा प्रगति भएको जनाए पनि ठोस सम्झौतामा पुग्न सकेनन् । ट्रम्पले चाँडै युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलिन्स्की र युरोपेली नेताहरूसँग सम्पर्क गर्ने बताएका छन् । वार्ताको अन्त्यमा ट्रम्पले पुटिनसँग 'सायद छिट्टै फेरि भेट हुने' बताए भने, पुटिनले जवाफमा भने, 'अर्को भेट मस्कोमा' हुने बताए ।

## पाकिस्तान : बाढी र पहिरोबाट १९९ जनाको मृत्यु

***काठमाडौं,३१ साउन ।***

पाकिस्तानमा लगातारको भारी मनसुन वर्षाले निम्त्याएको बाढी र पहिरोका कारण पछिल्लो २४ घण्टामा कम्तीमा १९९ जनाको ज्यान गएको छ । सबैभन्दा बढी क्षति खैबर पख्तुनख्वा प्रान्तमा भएको हो, जहाँ १८० जनाको मृत्यु भएको छ । पाकिस्तानअधीन कश्मीरमा नौ जना र गिलगित-बाल्टिस्तान क्षेत्रमा पाँच जनाको ज्यान गएको छ । बाढी र पहिरोका कारण महिलासहित धेरै बालबालिकाहरूको मृत्यु भएको छ । उद्धार कार्यका क्रममा मौसम खराबीका कारण प्रान्तीय सरकारको हेलिकप्टर दुर्घटना हुँदा दुई पाइलटसहित पाँच जनाले ज्यान गुमाएका छन् । सरकारले बुनर, बजौर, मानसेहरा र बट्टाग्राम जिल्ला 'विपद् प्रभावित क्षेत्र' घोषणा



गरेको छ । स्थानीय बासिन्दाहरूले घटनालाई 'प्रलय' र 'प्रलयको दिन' सरह भयावह भएको बताएका छन् । पाकिस्तानको मौसम विभागले आगामी दिनमा झनै भारी वर्षा हुने चेतावनी दिँदै जोखिमयुक्त स्थानबाट टाढा रहन आग्रह गरेको छ । सरकारद्वारा शनिबारलाई शोकको दिन घोषणा गरिएको छ, जहाँ राष्ट्रिय झण्डा आधा झुकाइनेछ र मृतकहरूलाई राज्य सम्मानसहित अन्त्येष्टि गरिनेछ । जलवायु परिवर्तनका कारण पाकिस्तानमा यस्ता चरम मौसम घटनाहरू बढ्दो क्रममा छन् । यो वर्षको असामान्य मनसुनले अहिलेसम्म ५०० जनाभन्दा बढीको ज्यान लिइसकेको छ ।

## पाकिस्तानमा मनसुन जन्य बाढी र पहिरोले २२५ जनाको मृत्यु

***काठमाडौं,३१ साउन ।***

पाकिस्तानमा लगातारको भारी मनसुन वर्षाले निम्त्याएको बाढी र पहिरोका कारण पछिल्लो २४ घन्टामा कम्तीमा २२५ जनाको ज्यान गएको छ । सबैभन्दा बढी क्षति खैबर पख्तुनख्वा प्रान्तमा भएको हो, जहाँ १८० जनाको मृत्यु भएको छ । पाकिस्तानअधीन कश्मीरमा नौ जना र गिलगित-बाल्टिस्तान क्षेत्रमा पाँच जनाको ज्यान गएको छ ।

बाढी र पहिरोका कारण महिलासहित धेरै बालबालिकाहरूको मृत्यु भएको छ । उद्धार कार्यका क्रममा मौसम खराबीका कारण प्रान्तीय सरकारको हेलिकप्टर दुर्घटना हुँदा दुई पाइलटसहित पाँच जनाले ज्यान गुमाएका छन् । सरकारले बुनर, बजौर, मानसेहरा



र बट्टाग्राम जिल्ला 'विपद् प्रभावित क्षेत्र' घोषणा गरेको छ । स्थानीय बासिन्दाहरूले घटनालाई 'प्रलय' र ' प्रलयको दिन' सरह भयावह भएको बताएका छन् । पाकिस्तानको मौसम विभागले आगामी दिनमा झनै भारी वर्षा हुने चेतावनी दिँदै जोखिमयुक्त स्थानबाट टाढा रहन आग्रह गरेको छ । सरकारद्वारा शनिबारलाई शोकको दिन घोषणा गरिएको छ, जहाँ राष्ट्रिय झण्डा आधा झुकाइनेछ र मृतकहरूलाई राज्य सम्मानसहित अन्त्येष्टि गरिनेछ ।

जलवायु परिवर्तनका कारण पाकिस्तानमा यस्ता चरम मौसम घटनाहरू बढ्दो क्रममा छन् । यो वर्षको असामान्य मनसुनले अहिलेसम्म ५०० जनाभन्दा बढीको ज्यान लिइसकेको छ ।


गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

**महागढीमाई नगरपालिकाको कार्यालय**
**कलैया, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको कार्यालय, पर्सा


### समृद्ध नेपालमा "रिटर्नी.......

यसलाई सरकारले अवसरमा बदल्न सक्नुपर्ने हो । यो उमेरसमूहका नागरिक कम्तीमा ५५ वर्ष सक्रिय रहन सक्छन्, त्यस हिसाबले पनि देशलाई एउटा स्तरमा लैजान अवसर बाँकी छ । युवालाई विदेश पठाउन प्रोत्साहित गर्ने वा उनीहरूलाई उद्यमशील बनाउन विभिन्न सकारात्मक नीतिहरू तर्जुमा गर्ने ? नेपाली श्रम बजारमा वार्षिक पाँच लाख मान्छे प्रवेश गर्छन् । देशभित्र रोजगारीको अभावमा ती मान्छे वैदेशिक रोजगारीमा जान बाध्य छन् । उनीहरूलाई विदेश पठाउने नै हो भने पनि सरकारले गन्तव्य मुलुकको भाषा र आवश्यक सीप सिकाउने नीति लिनुपर्ने हो । किनकि समस्या कर्जामा हैन, सीपमा छ । सीप र भाषा नहुँदा आकर्षक तलब नपाउने र मृत्युसमेत वरण गर्नुपर्ने समस्या नेपाली मजदुरले व्यहोर्नु परेको छ । युवा लक्षित कार्यक्रम : सरकारले तत्काल रोजगार सुनिश्चित गर्न नसके पनि स्वरोजगार तथा उद्यमशीलताको नीति तथा योजना निर्माण गरी त्यसका लागि वातावरण बनाउन आवश्यक छ । रिटर्नीहरू तथा युवा उद्यमीहरूका लागि सहुलियत कर्जा तथा अन्य सुविधा उपलब्ध गराउन आवश्यक छ । यस दिशामा छलफल र बहस भए पनि सरकारले ठोस कार्ययोजना ल्याउन सकेको छैन । सरकारले हरेक प्रदेशमा प्राविधिक तथा व्यावसायिक तालिमहरू सञ्चालन गर्नुपर्छ । रोजगारी र उच्च शिक्षाको नाममा भइरहेको युवा तथा अर्बौंको पुँजी पलायनले मुलुकमा गम्भीर समस्या उत्पन्न हुँदै छ । राज्यले ध्यान केन्द्रित गरी नीतिगत रूपमा रहेका कमी, कमजोरी र चुकेका पाटोलाई सच्याई अब आवश्यक नीति निर्माण गरोस् । साभार अन्नपूर्ण पोस्ट

### विकराल बन्दै विद्याथी.........

पर्छ । शैक्षिक क्यालेन्डर निर्माण गरेर कडाइका साथ पालन गर्नु, शिक्षण पेसामा अब्बल र समर्पित जनशक्तिलाई प्रवेशका लागि आकर्षक सेवासुविधाका प्याकेज ल्याउनु र विद्यार्थीलाई पढ्दै कमाउँदैको अवसर प्रदान गर्नुपर्छ । यसैगरी, शिक्षण संस्थाहरूलाई विशुद्ध प्राज्ञिक स्थलको रूपमा विकास र विस्तार गर्नुपर्छ अनि विदेशमा अध्ययन पूरा गरेकाहरूलाई स्वदेश फर्काउन आकर्षक सुविधा र सम्मानका योजनाहरू ल्याउनुपर्छ । देशमा बसेर केही हुँदैन, विदेशमा सबैथोक पाइन्छ भन्ने नकारात्मक मानसिकतालाई चिर्न सरकार र सरोकार पक्षले दूरदर्शी योजनाहरू ल्याउने र आक्रामक कार्यान्वयन गर्ने विषय आजको खाँचो हो ।साभार अन्नपूर्ण पोस्ट

### बीरगञ्जमा गैरसरकारी....

गरे पछि स्थानीयले खानेपानीको सुविधा पाएका हुन् । पानीको आवश्यकता भएका घरधुरीको सर्भे गरी प्रतिघरधुरीलाई यस्तो भौचर उपलब्ध गराइएको छ । सामाजिक अभियन्ता प्रकाश थारु स्थानीयलाई खानेपानी वितरण गर्ने यो डिजिटल प्रविधिको प्रयोग सफल भइरहेको बताउँछन् । 'अहिले वीरगन्ज र आसपासको क्षेत्रमा आवश्यकता भएकालाई थोपा थोपा पानीको महत्त्व छ,' उनले भने, 'यस्तो अवस्थामा दैनिक एक परिवारले कम्तीमा एक जार निःशुल्क खाने पानी पाउँदा उनीहरू दङ्ग छन् ।' भोलिन्टियर्स कर्प्स नेपालका अध्यक्ष दीपक चापागाईं नेपालमै यसरी डिजिटल प्रविधिबाट पहिलो पटक राहत सामग्री वितरण गर्ने प्रयोग सफल भएको बताए । 'वीरगन्जमा कसैले आफ्नो भौचर देखाएर पानी लिन आउँछ भने हामीले सम्झौता गरेको पानी आपूर्ति गर्ने कम्पनीका व्यक्तिले स्क्यान गरेर पानी उपलब्ध गराउनेछन्,' उनले भने, 'स्क्यान गरिएको भौचरको सम्पूर्ण तथ्याङ्क काठमाडौंमा बसेर 'लाली ३६० डिजिटल प्लेटफर्म'बाट हेर्न सकिन्छ ।'यसो हुँदा सबै आवश्यकता भएकाहरूले समानुपातिक दरमा पानी पाउने र सुविधाबाट कसैले वञ्चित नहुने उनले बताए ।

### बीरगञ्ज समाज सेवा.........

भोजन गराइएको थियो । कार्यक्रममा संस्थाका उपाध्यक्ष मनोज प्रसाद रौनियार, सचिव प्रकाश बाहेती, सदस्यहरू मदन प्रसाद गुप्ता, लालबाबु सिंह, निसान्त लाठ, राजेन्द्र भट्टराई, रियान्स सिंह राजपुत लगायतका सेवादारहरूको सक्रिय उपस्थिति रहेको थियो । यो अभियानले बीरगन्ज समाज सेवाको प्रतिबद्धता र मानवीय सेवाप्रतिको निष्ठालाई झल्काउँछ, जुन समाजमा सकारात्मक परिवर्तन ल्याउने मार्गप्रशस्त गरिरहेको छ ।

### २०८४ को निर्वाचनमा..........


सांसद हो । त्यसमाथि रविजीलाई निलम्बित गरिदिएका छन् । एक जना उपसभामुख हुनुहुन्छ, बाँकी रहेको १९ जना । १९ जनामाथि यति गाली बर्सिन्छ । आज मानिलिऔँ सबै देशको बेथितिको कारण राष्ट्रिय स्वतन्त्र पार्टी नै हो जस्तो गरेर कांग्रेस, एमालेका नेताहरू आजकाल हरेक दिन हामीलाई गाली वर्षाउनुहुन्छ । हाम्रो १९ जना देखेर मानिस डराएका होइनन्, १९ जनाले पनि तर्साइ त राखेका छौं तर उहाँहरूको मना के ढ्याङ्गो पिट्न थाल्यो भने १९ को सट्टा १९० आउने भए यिनीहरू । १९ को सट्टा अब ०८४ मा १९० हुने भए । १९ ले त यस्तो धौधौ पार्दछन्, १९ ले त यस्ता अप्ठ्यारा प्रश्न सोध्छन्, १९० जना राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद प्रतिनिधिसभामा हुँदा के हुन्थ्यो होला

### मेलाको उद्घाटनलाइ...........

पक्षबिच हातापात भएको प्रहरीले जनाएको छ ।झडप नियन्त्रण गर्ने क्रममा मेयर साहसँगै इलाका प्रहरी कार्यालय देवाही गोनाहीका प्रहरी जवान धनसुन्दर ठाकुर र जगदीश यादव घाइते भएको रौतहटका प्रहरी उपरीक्षक नेत्रमणि गिरीले बताए । घाइतेहरूको गरुडास्थित एक निजी अस्पतालमा उपचार भइरहेको छ । घटनामा संलग्न भएको आरोपमा रामविनोद साह, उनका १६ वर्षीय छोरा ऋतिक साह र भाइ राधामोहन साहलाई प्रहरीले नियन्त्रणमा लिए।

# स्वास्थ्य

## महिलाको डिम्ब कस्तो अवस्थामा स्वस्थ हुन्छ ?



सन्तान जन्माउने उपयुक्त उमेर २० देखि ३० वर्ष मानिन्छ । किनकि यो समयमा महिलामा गुणस्तरयुक्त डिम्ब हुन्छ । गुण्स्तरयुक्त र स्वस्थ डिम्बले गर्भाधान गर्न सहज हुनुका साथै बच्चा पनि स्वस्थ जन्मिन्छ । डिम्बलाई आजीवन जोगाइराख्ने व डिम्बको मात्रा बढाउने कुनै ठोस आधार छैन । त्यसैले भएको डिम्बको कसरी सदुपयोग गर्ने त्यो कुरामा ध्यान दिनु आवश्यक छ । **महिलाको डिम्ब कस्तो अवस्थामा गुणस्तर मान्ने ?** महिला वा किशोरीको महिनावारी नियमित छ । महिलाको अण्डा निस्किएर वीर्यसँग निषेचन भई गर्भमा बच्चा बस्यो । सो बच्चा गर्भमा राम्रोसँग हुर्कियो र बिना कुनै जन्मजात रोग स्वस्थ जन्मियो भने डिम्ब स्वस्थ भएको भन्न सकिन्छ । गर्भ बसेपछि भ्रूणमा कुनै समस्या देखिंदैन भने त्यसलाई गुणस्तरको डिम्ब मान्न सकिन्छ । त्यस्तै महिनावारीमा कुनै गम्भीर समस्या छैन भने डिम्बको गुणस्तर र पाठेघर दुवै स्वस्थ भन्ने बुझिन्छ । डिम्बको गुणस्तर राम्रो हुने अवधि २० देखि ३० वर्षको उमेर हो । यस अवधिमा प्रजनन् क्षमता उच्च हुन्छ । इस्ट्रोजेन र प्रोजेस्टेरोन हार्मोन उच्च मात्रामा उत्पादन भई स्वस्थ डिम्ब पनि यही समयमा बढी निस्किने र सन्तान जन्माउन शारीरिक रुपमा पनि प्रजनन् अंग विकास भई परिपक्व भइसकेको हुन्छ । जसकारण २० देखि ३० वर्षको उमेर गर्भधानको लागि सबैभन्दा उपयुक्त मानिन्छ । यसको गुणस्तर र डिम्बको संख्या पत्ता लगाउन एएमएच (एन्टिमुलेरियन हार्मोन) परीक्षण गर्न सकिन्छ । यो परीक्षणबाट डिम्ब कतिको स्वस्थ छन् र कति बाँकी छ अर्थात् समग्रमा डिम्बाशयको अवस्था पत्ता लाग्छ । **कति हुन्छ डिम्ब ?** जन्मिंदै केटी शिशुसँग औसतमा १० देखि २० लाखसम्म डिम्ब हुन्छ । जब किशोरावस्थाको समय अर्थात् १३ देखि १४ वर्षमा प्रवेश हुन्छ । त्यतिखेर करिब तीन लाख डिम्ब मात्र बाँकी हुन्छ । प्रत्येक महिनावारी हुँदा भएका डिम्बहरु निखिँदै जान्छ । त्यसमा पनि सबैभन्दा राम्रो र गुणस्तरको डिम्ब २० देखि ३५ को उमेरमा निस्कन्छ । डिम्बाशयमा बिस्तारै कम गुणस्तरका अण्डा मात्र बाँकी हुन्छ । ३५ वर्षपछि डिम्ब खर्चिने दर तीव्र हुन्छ । डिम्ब सकिएपछि महिनावारी पूर्ण रुपमा रोकिन्छ । जसलाई रजोनिवृत्ति भएको भनिन्छ । **डिम्बलाई असर गर्ने तत्व उमेर** उमेर बढ्दै गएपछि महिलासँग हुने निश्चित डिम्बको गुणस्तर र संख्यामा कमी आउँछ । महिनावारी चक्रपिच्छे स्वस्थ डिम्ब खर्चिंदै जान्छ । ३५ वर्षपछि डिम्बको गुणस्तर तथा संख्यामा कम हुने क्रम थप छिटो हुन्छ ।

# ठुला दलले भागबण्डामा देश सिध्याए: विजुक्छे

*काठमाडौं,३१ साउन ।*




नेपाल मजदुर किसान पार्टी का अध्यक्ष नारायणमान विजुक्छैं ले ठूला दलहरू भागबण्डाको राजनीतिमा लिप्त हुँदा देशले प्रजातान्त्रिक सिद्धान्तविपरीत कठिन परिस्थिति भोगिरहेको बताएका छन् । शनिबार भक्तपुरको देकोचास्थित ' ख्वप कलेज अफ ल' द्वारा आयोजना गरिएको 'फौजदारी कानुन र न्याय' राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै विजुक्छैंले ठूला दलहरू मात्र नभई बुद्धिजीवीहरू पनि व्यक्तिगत स्वार्थमा लाग्दा देश अप्ठ्यारो अवस्थामा पुगेको बताए । उनले भने, "पढेका-लेखेका बुद्धिजीवीहरू पद पाएपछि गलत कुरामा समेत समर्थन गर्दै व्यक्तिगत स्वार्थमा डुब्नु दुःखद हो ।" विजुक्छैंले सांसदहरूको अध्ययनको कमीमा चिन्ता व्यक्त गर्दै एमसीसी सम्झौताको उदाहरण प्रस्तुत गरे । उनका अनुसार, सांसदहरूले पूरा सम्झौताको पाठ नपढी पक्षमा हस्ताक्षर गर्न बाध्य भएका थिए । उनले तत्कालीन प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा को हवाला दिँदै भने, "मेरो सांसद साथीहरूले पढेका छन्, ठीक छ भनेका छन्, त्यसैले मैले पनि हस्ताक्षर गरेँ ।" उक्त टिप्पणीले नेपालको भागबण्डा राजनीतिमा प्रजातान्त्रिक सिद्धान्तको ख्याल नहुनु र सांसदहरूको जिम्मेवारीमा कमी रहेको विषयलाई उजागर गरेको छ ।

# मधेशमा तीन वर्षमै करेन्ट लागेर ३२४ जनाको मृत्यु

*जनकपुर,३१ साउन ।*



विद्युतिय सुरक्षामा सावधानी नअपनाउँदा मधेश प्रदेशमा करेन्ट लागेर मृत्यु हुनेको सङ्ख्या बढ्दै गएको छ । करेन्ट लागेर मृत्यु भएकाहरुमध्ये अधिकांश किसान नै रहेको तथ्याङ्कले देखाएको छ । पर्याप्त पानी नपर्दा सिँचाइका लागि विद्युतीय मोटर प्रयोग गरिने क्रममा असावधानीका कारण करेन्ट लागेर खेतमै ज्यान गुमाउने किसानको सङ्ख्या अधिक रहेको पाइएको छ ।

मधेश प्रदेशका आठ वटै जिल्लामा धान खेती समयमा पानी कम हुँदा वा वर्षा नहुँदा बोरिङ, नहर, कुलो, पैनी, पोखरी, नदीमा पानी तान्ने मोटर लगाएर खेत सिँचाइ गर्ने बाध्यात्मक अवस्था रहेको छ । खेतमा सिँचाइ जस्तै घरको चापाकलमा पानी तान्न जडान गरिएको मोटरबाट करेन्ट लागेर पनि मृत्यु भइरहेको घटनाहरू केही बाहिर आउने गरेका छन् । **करेन्ट लागेर किसानको मृत्यु** यही साउन २३ गते धनुषाको धनुषाधाम नगरपालिका-३, तेजनगर बस्ने वर्ष ४५ का शिवजी मण्डलको खेतमा करेन्ट लागेर मृत्यु भएको छ । यस्तै, सोही दिन सप्तरीको रूपनी गाउँपालिका-३, कटैयामा ४२ वर्षीय शम्भुकुमार इसरको पनि करेन्ट लागेर मृत्यु भयो । यसअघि साउन १८ गते रौतहटको इशनाथ नगरपालिका-८, मंसरी टोलबस्ने ५५ वर्षीय शेख जफिरको धान खेतमा सिँचाइ गर्ने क्रममा करेन्ट लागेर मृत्यु भएको थियो । साउन ७ गते धनुषामा खेतमा सिँचाइ गर्ने क्रममा करेन्ट लागेर हंसपुर नगरपालिका-३, मलहनिया बस्ने ६० वर्षीय असर्फी महराको मृत्यु भयो । साउन १४ गते सिराहा नगरपालिका-१०, नरहिया बस्ने ४५ वर्षीया सविता कामतीको आफ्नै घरमा बत्ती बाल्ने क्रममा करेन्ट लागेर मृत्यु भयो । साउन १० गते सप्तरीको खडक नगरपालिका-११ का ५८ वर्षीय मो युनुस मियाँ, साउन ३ गते अग्निसाइर कृष्णासवरन गाउँपालिका-४, टेङ्ग्रीमा ७० वर्षीय श्रीमती उर्मीलादेवी यादवको खेतमा पानी पटाउने क्रममा करेन्ट लागेर मृत्यु भयो । यसैगरी, साउन ९ गते सप्तरीको रूपनी गाउँपालिका-२, पौवा टोलमा दम्पत्ति ४७ वर्षीय बालेश्वर खङ्ग र ४५ वर्षीया श्रीमती रामकुमारी खङ्गको आफ्नै सिटी रिक्सा चार्ज गर्ने क्रममा करेन्ट लागेर मृत्यु भएको छ । यस्तै, साउन ८ गते रौतहटको मौलापुर नगरपालिका(७ निवासी एवम् प्रवक्ता चन्द्रेश्वर बैठाको खेत सिँचाइ गर्ने क्रममा करेन्ट लागेर मृत्यु भएको छ । ७ गते माधव नारायण-४, बिसनपुर्वा मानपुर बस्ने ४० वर्षीय रामबाबु मुखिया, कटहरीया-२, जमुनिया टोलका ५२ वर्षीय मोक्तार देवानको पनि खेतमा पानी लगाउने क्रममा करेन्ट लागेर मृत्यु भएको छ । साउन २ गते सर्लाहीको लालबन्दी नगरपालिका-१ मा ट्रकबाट त्रिपाल हटाउने क्रममा ट्रकका सहचालक रौतहट वृन्दावन नगरपालिका-७ का ३० वर्षीय दिनेश पासवानको करेन्ट लागेर मृत्यु भएको छ । उपरोक्त केही प्रतिनिधिमूलक घटना मात्र हुन् । अझै धेरै जनालाई सचेत नभइ विद्युतीय उपकरण प्रयोग गर्ने क्रममा ज्यान गुमाउनु परेको छ । असावधानी, लापरबाही एवम् जडान गरेका पोलमा अर्थिङ जडान नगरेका कारण करेन्ट लाग्ने समस्या आइरहेको नेपाल विद्युत् प्राधिकरणको बुझाइ छ । **करेन्टले मृत्यु भएकाको यस्तो छ तथ्याङ्क** यता मधेश प्रदेशमा तीन वर्षमा ३२४ जनाको करेन्ट लागेर मृत्यु भइसकेको छ । गत आर्थिक वर्ष २०८१र०८२ मा करेन्ट लागेर ११९ जनाको मृत्यु भएको छ । मृतकमध्ये पुरुष ८४, महिला १८ बालक १३ र बालिका चार जना रहेक्रो मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ । यस्तै, अघिल्लो आर्थिक २०८०र०८१ मा करेन्ट लागेर ७० पुरुष, २२ महिला, पाँच बालक र एक बालिका गरी ९८ जनाको मृत्यु भएको मधेश प्रदेश प्रहरी कार्यालय अपराध अनुसन्धान शाखाका प्रहरी निरीक्षक सोनुकुमार साहले जानकारी दिनुभयो । उहाँका अनुसार आर्थिक वर्ष २०७९र०८० मा १०७ जनाको करेन्ट लागेर मृत्यु भएको छ । जसमा पुरुष ८३, महिला १४, बालक तीन र बालिका सात जना रहेका छन् ।

# उखु किसान अनुदान माग्दै काठमाडौंमा भेला

*काठमाडौं,३१ साउन ।*



उखुको अनुदान कटौतीविरुद्ध देशभरका अगुवा किसानहरू सङ्घीय राजधानी काठमाडौंमा भेला भएका छन् । चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा उखुका लागि अनुदान विनियोजन नभएपछि किसानहरू असन्तुष्ट बनेका हुन् । दुई साताअघि किसानहरूले आ-आफ्नो जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत सरकारलाई ज्ञापनपत्र बुझाउँदै साउनभित्र अनुदानबारे निर्णय गर्न माग गरेका थिए । तर सरकारले चासो नदेखाएपछि सर्लाही, महोत्तरी, रौतहट, बारा, सिराहा, सुनसरी, नवलपरासी, कञ्चनपुरलगायतका जिल्लाका किसानहरू आन्दोलनको तयारीका लागि काठमाडौं पुगेका हुन् । उखु किसानका अगुवाले शुक्रबार चिनी उद्योगका मालिकसँगै पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा (एमाले) का महासचिव शंकर पोखरेललाई भेटेर किसानको पीडा सम्बोधन गर्न आग्रह गरेका छन् । उनीहरूले प्रधानमन्त्री केपी शर्मा ओलीसँग पनि भेट गर्ने योजना बनाएका छन् ।

केन्द्रीय उखु किसान सङ्घर्ष समितिका सहसंयोजक राजकुमार उप्रेतीका अनुसार सोमबारतिर प्रधानमन्त्रीसँग भेट हुने सम्भावना छ । "प्रधानमन्त्रीसँगको छलफलपछि पनि अनुदान नपाउने अवस्था रहेमा भदौ दोस्रो सातादेखि माइतीघरमा धर्ना सुरु गर्ने तयारी छ," उप्रेतीले बताए । आन्दोलनमा करिब एक हजार किसान उतार्ने योजना बनाइएको समितिले जनाएको छ । किसानहरूले गत आर्थिक वर्षको अनुदान रकमसमेत अझै पाउन बाँकी छ ।

गत वर्ष सरकारले किसानलाई प्रतिक्विन्टल ७० रुपैयाँका दरले अनुदान दिने निर्णय गरेको थियो । तर यस वर्षदेखि अनुदान कटौती भएपछि उखु उत्पादनमा ठूलो गिरावट आउने चिन्ता किसानहरूले व्यक्त गरेका छन् ।

# बीपी राजमार्गमा थप १५ दिन राति सवारी सञ्चालनमा रोक

*काठमाडौं,३१ साउन ।*


बीपी राजमार्गमा रातिको सवारी आवागमनमा रोक थप १५ दिनका लागि लम्ब्याइएको छ । असार ७ गतेदेखि लागू भएको रोक भदौ १५ गतेसम्म कायम रहने जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकले जनाएको छ। जिल्ला सुरक्षा समितिको शुक्रबार बसेको बैठकले साँझ ५ बजेदेखि बिहान ५ बजेसम्म काभ्रेभञ्ज्याङदेखि सिन्धुली-नेपालथोकसम्म यात्रीवाहक तथा निजी सवारी सञ्चालन नगर्ने निर्णय गरेको हो । कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी ततअनुसार सक्रिय मनसुनका कारण राजमार्गका विभिन्न स्थानमा पहिरो र बाढीको उच्च जोखिम रहँदा राति सवारी सञ्चालन रोकिएको हो । यस अवधिमा काठमाडौंतर्फ जाने सवारी काभ्रेभञ्ज्याङमै र काठमाडौंबाट आउने सवारी नेपालथोकमै रोकिने व्यवस्था गरिएको छ । गत असोजको बाढीपहिरोले राजमार्गका पुऱ्याएको र हाल अस्थायी रूपमा मात्र सञ्चालनमा रहेको कारण जोखिम अझै कायम छ ।

# सर्लाहीमा शिक्षकको गोली हानी हत्या, एक जना पक्राउ

*जनकपुर,३० साउन ।*

सर्लाहीमा अज्ञात समूहले गोली प्रहार गरी एक शिक्षकको हत्या गरेको छ । हरिवन नगरपालिका-११ का ५० वर्षीय शिक्षक रामपुकार यादवलाई शुक्रबार राति साढे ८ बजे आफ्नै घर अगाडि मोटरसाइकलमा आएका हतियारधारीले गोली हानेका हुन् । टाउकोमा गोली लागेका यादवलाई उपचारका लागि महोत्तरीको रामगोपालपुरस्थित जानकी एकेडेमिक अस्पताल लैजाने क्रममा बाटैमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । घटनापछि भाग्दै गर्दा मोटरसाइकल दुर्घटनामा परेका एक जना संलग्न व्यक्ति प्रहरीले पक्राउ गरेको छ । तर उनको परिचय सार्वजनिक गरिएको छैन । दुर्घटनामा गम्भीर घाइते भएका उनलाई लालबन्दीस्थित मोडेल अस्पतालमार्फत थप उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको प्रहरीले जनाएको छ । यस घटनामा संलग्न अन्य व्यक्तिहरू भने फरार छन् । उनीहरूको खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता डीएसपी सरोज राईले जानकारी दिएका छन् ।

# हेटौंडा-काठमाडौं सडक अवरुद्ध



*काठमाडौं,३१ साउन ।*

मकवानपुरमा सुक्खा पहिरो खस्दा हेटौंडा-काठमाडौं जोड्ने सडक अवरुद्ध भएको छ ।हेटौंडा-फाखेल-दक्षिणकाली सडकअन्तर्गत इन्द्रसरोवर गाउँपालिका-३, ज्यामिरे मा आज विहान ९:३० बजेतिर सुक्खा पहिरो खसेर यातायात सेवा पूर्णरुपमा रोकिएको छ । यो जानकारी जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक श्यामु अर्याल ले दिएका छन् । त्यसैगरी, त्रिभुवन राजपथअन्तर्गत भिमफेदी गाउँपालिका-९, लामिडाँडा नजिक ढुङ्गा र रुख खस्दा सडक पूर्ण रूपमा अवरुद्ध भएको छ। दुवै स्थानमा डोजर परिचालन गरी पहिरो पन्छाउने काम जारी छ ।प्रहरीले यात्रुलाई वैकल्पिक मार्ग प्रयोग गर्न र सडक खुल्नेसम्म धैर्य धारण गर्न आग्रह गरेको छ ।

# टप टी-२० सिरिज : दोस्रो खेलमा आज बंगलादेशसँग भिड्दै नेपाल

*काठमाडौं,३१ साउन ।*




अस्ट्रेलियामा जारी टप एन्ड टी-२० सिरिजमा नेपालले दोस्रो खेलमा आज बंगलादेश 'ए'सँग प्रतिस्पर्धा गर्नेछ । खेल दिउँसो २:१५ बजे सुरु हुनेछ । शुक्रबार भएको पहिलो खेलमा नेपाल घरेलु टोली नर्दर्न टेरिटोरी स्ट्राइकसँग ४२ रनले पराजित भएको थियो । १७८ रनको लक्ष्य पछ्याउने क्रममा नेपाल २० ओभरमा ८ विकेट गुमाउँदै १३५ रनमै सीमित भएको हो ।

नेपालका लागि कुशल मल्लले ३४, गुलशन झाले २६ र कप्तान रोहित पौडेलले २३ रनको योगदान दिएका थिए । बलिङतर्फ सन्दीप लामिछानेले ३ विकेट लिए । नेपालले तेस्रो खेल सोमबार मेलबर्न स्टार्ससँग र चौथो खेल मंगलबार होबार्ट हुरिकेन्ससँग खेल्नेछ । अगस्ट २० मा मेलबर्न रेनेगेड्स र अगस्ट २२ मा पाकिस्तान शाहीन्ससँग भिड्दै नेपालले आफ्नो अभियान जारी राख्नेछ । नेपालको टोलीमा कप्तान रोहित पौडेल, उपकप्तान दीपेन्द्र सिंह ऐरीसहित कुशल भुर्तेल, आसिफ शेख, कुशल मल्ल, गुलशन झा, भीम सार्की, सोमपाल कामी, सन्दीप लामिछाने, करण केसी लगायत खेलाडी रहेका छन् ।

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
करैयामाई गाँउपालिकाको कार्यालय,बारा